बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष ३ अंक १ २०८३ श्रावण

पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८३/८४ को श्रावण मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कारबाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधरणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

नेपाली बीमा बजार

आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा बीमाक्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

१. बीमालेख संख्या

सूचक	२०८२ श्रावण मसान्तसम्ममा	२०८३ श्रावण मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमालेख संख्या (*म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक*)	५७,४२,७३५	५९,९४,९५३	४.३९
म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	७५,२४,३९४	६३,०१,८७५	(१६.२५)
वैदेशिक रोजगार बीमालेख संख्या	२६,१९,२३६	१९,४३,६९३	(२५.७९)
कुल जारी जीवन बीमालेख संख्या	**६,४८,५८८**	**७,४१,५२१**	**१४.३३**
कुल जारी निर्जीवन बीमालेख संख्या	**२,४३,७४१**	**२,५४,६०७**	**४.४६**

चालु आ.व २०८३/८४ को श्रावण मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ७ लाख ४१ हजार ५२१ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा २ लाख ५४ हजार ६०७ वटा बीमालेख जारी भएका छन् जुन गत आ.व.को श्रावण मसान्तको तुलनामा क्रमशः १४.३३ प्रतिशत र ४.४६ प्रतिशतको वृद्धि हो।

२. बीमाशुल्क संकलन

रकम रु. लाखमा

सूचक	२०८२ श्रावण मसान्तसम्ममा	२०८३ श्रावण मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	३६,३२८.१९	४८,९५२.६४	३४.७५
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	१,६३,८७५.५६	२,१७,२६७.६५	३२.५८
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**२,००,२०३.७५**	**२,६६,२२०.२९**	**३२.९७**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	**४३,९६७.३०**	**५४,०१५.२७**	**२२.८५**
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**२,४४,१७१.०५**	**३,२०,२३५.५५**	**३१.१५**

चालु आ.व २०८३/८४ को श्रावण मसान्तसम्ममा रु. ३२ अर्ब २ करोड ३६ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को श्रावण मसान्तको तुलनामा ३१.१५ प्रतिशत वृद्धि हो। त्यसैगरी, गत आ.व. को श्रावण मसान्तको तुलनामा चालु आ.व को श्रावण मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन ३२.९७ प्रतिशतले वृद्धि भई रु.२६ अर्ब ६२ करोड २० लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ २२.८५ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ४० करोड १५ लाख बीमाशुल्क संकलन भएको छ।

३. बीमा दाबी भुक्तानी विवरण

रकम रु. लाखमा

सूचक	२०८२ श्रावण मसान्तसम्ममा	२०८३ श्रावण मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दाबी भुक्तानी संख्या	२८,०५९	२८,१२१	०.२२
जीवन बीमा दाबी भुक्तानी रकम	५०,९८३.७०	५४,७३५.७१	७.३६
भुक्तानी हुन वाँकी दाबी संख्या *(जीवन)*	५७,६०३	१,२५,६३०	११८.१०
भुक्तानी हुन वाँकी दाबी रकम *(जीवन)*	४६,००६.०७	१,०१,४७३.२३	१२०.५६
निर्जीवन बीमा दाबी भुक्तानी संख्या	१०,४७०	१०,९६९	४.७७
निर्जीवन बीमा दाबी भुक्तानी रकम	१६,५१५.३१	१३,१०३.८९	(२०.६६)
भुक्तानी हुन वाँकी दाबी संख्या *(निर्जीवन)*	१,००,९०८	१,१०,६५०	९.६५
भुक्तानी हुन वाँकी दावी रकम *(निर्जीवन)*	२,६१,१७०.३८	४,१७,८७०.९८	६०.००

चालु आ.व २०८३/८४ को श्रावण मसान्तसम्ममा जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या २८ हजार १२१ रहेको छ जस अन्तर्गत रु. ५ अर्ब ४७ करोड ३६ लाख भुक्तानी भएको छ। गत आ.व.को श्रावण मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा ०.२२ प्रतिशत र ७.३६ प्रतिशत वृद्धि भएको देखिन्छ। साथै, १ लाख २५ हजार ६३० वटा दाबी अन्तर्गत रु. १० अर्ब १४ करोड ७३ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८३/८४ को श्रावण मसान्तसम्ममा कुल १० हजार ९६९ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु १ अर्ब ३१ करोड ०४ लाख भुक्तानी भएको छ भने, १ लाख १० हजार ६५० वटा दाबी संख्या अन्तर्गत कुल रु ४१ अर्ब ७८ करोड ७१ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को श्रावण मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ४.७७ प्रतिशतले वृद्धि भएको छ भने रकममा २०.६६ प्रतिशतले कमी भएको देखिन्छ।

४. समर्पण तथा व्यतित विवरण

रकम रु. लाखमा

सूचक	२०८२ श्रावण मसान्तसम्ममा	२०८३ श्रावण मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	७,६६६	७,४११	(३.३३)
समर्पण रकम	१२,४५१.७०	१३,०८३.४०	५.०७
व्यतित बीमालेखको संख्या	१२,२९,४४६	१०,२५,५४८	(१६.५८)
व्यतित बीमालेखको रकम	३,७३,९८२.८६	३,९१,४६४.४७	४.६७

चालु आ.व २०८३/८४ को श्रावण मसान्तसम्ममा ७ हजार ४११ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु १ अर्ब ३० करोड ८३ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १० लाख २५ हजार ५४८ बीमालेख व्यतित भएका छन् भने व्यतित बीमालेखको रकम रु ३९ अर्ब १४ करोड ६४ लाख रहेको छ।

५. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८२ श्रावण मसान्तसम्ममा	२०८३ श्रावण मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८४४	१,८४४	-
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१५६	१,१५९	०.२६
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**३,०००**	**३,००३**	**०.१०**

जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	६,०८३	६,१२१	०.६२
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	६,१८७	६,३०१	१.८४
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**१२,२७०**	**१२,४२२**	**१.२४**

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८४४ र निर्जीवन बीमातर्फ १ हजार १५९ गरी जम्मा शाखा संख्या ३ हजार ३ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार १२१ र निर्जीवन बीमातर्फ ६ हजार ३०१ गरी कुल १२ हजार ४२२ जना कर्मचारी कार्यरत छन्।

६. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

सूचक	२०८२ श्रावण मसान्तसम्ममा (१)	जारी बीमालेख को हिस्सा प्रतिशत	२०८३ श्रावण मसान्तसम्म मा (२)	जारी बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	१८,७९०	२.९०	४४,६९२	६.०३	**१३७.८५**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	३,१६८	०.४९	३,७१३	०.५०	**१७.२०**
रुपान्तरित सावधिक जीवन बीमा	४,५४८	०.७०	४,९५३	०.६७	**८.९१**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	१०,९६२	१.६९	११,०७१	१.४९	**०.९९**
वैदेशिक रोजगार म्यादि	६८,७०४	१०.५९	६९,७३१	९.४०	**१.४९**
आजिवन जीवन बीमा	४६७	०.०७	४९४	०.०७	**५.७८**
एकल बीमाशुल्क जीवन बीमा	१,१३७	०.१८	१,६२१	०.२२	**४२.५७**
म्यादि जीवन बीमा	७२,७८३	११.२२	५९,०५१	७.९६	**(१८.८७)**
लघु जीवन बीमा	४,६७,१९७	७२.०३	५,४५,१००	७३.५१	**१६.६७**
अन्य जीवन बीमा	८३२	०.१३	१,०९५	०.१५	**३१.६१**
जम्मा	६,४८,५८८	१००.००	७,४१,५२१	१००.००	**१४.३३**

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ७३.५१ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन बीमालेखको ०.०७ प्रतिशत रहेको छ। गत आ.व.को श्रावण मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा १४.३३ प्रतिशतले वृद्धि भएको छ।

७. प्रदेश अनुसार जारी जीवन बीमालेख संख्या

प्रदेश	२०८२ श्रावण मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८३ श्रावण मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	७५,५९७	११.६६	४,१९,०८५	५६.५२	४५४.३७
मधेश	१२,४०९	१.९१	१५,८८०	२.१४	२७.९७
बाग्मती	४,९०,५७१	७५.६४	२,४४,४६२	३२.९७	(५०.१७)
गण्डकी	२६,१५२	४.०३	१४,३३२	१.९३	(४५.२०)
लुम्बिनी	१६,७११	२.५८	२०,८९५	२.८२	२५.०४
कर्णाली	१४,८७३	२.२९	१४,७३३	१.९९	(०.९४)
सुदुरपश्चिम	१२,२७५	१.८९	१२,१३४	१.६४	(१.१५)
जम्मा	६,४८,५८८	१००.००	७,४१,५२१	१००.००	१४.३३

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा जारी जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी जारी बीमालेखको हिस्सा कोशी प्रदेशमा ५६.५२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा सुदुरपश्चिम प्रदेशको १.६४ प्रतिशत रहेको छ।

८. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८२ श्रावण मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८३ श्रावण मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति बीमा	३८,९४०	१५.९८	३६,७७७	१४.४४	(५.५५)
सामूद्रिक बीमा	३२,४५६	१३.३२	३०,५९१	१२.०१	(५.७५)
हवाई बीमा	७	०.००	२६	०.०१	२७१.४३
मोटर बीमा	१,११,७०१	४५.८३	१,२५,४३१	४९.२६	१२.२९
इन्जि. तथा ठे. जो. बीमा	१,३०२	०.५३	१,६३९	०.६४	२५.८८
विविध बीमा	११,१७९	४.५९	१३,६५४	५.३६	२२.१४
कृषि तथा बाली बीमा	१६,३७४	६.७२	१८,६४०	७.३२	१३.८४

लघु बीमा	२९,०२१	११.९१	२५,६९२	१०.०९	(११.४७)
दायित्व बीमा	१०३	०.०४	१०२	०.०४	(०.९७)
स्वास्थ्य बीमा	२,६५८	१.०९	२,०५५	०.८१	(२२.६९)
जम्मा	२,४३,७४१	१००.००	२,५४,६०७	१००.००	४.४६

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४९.२६ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.०१ प्रतिशत रहेको छ। गत आ.व. को श्रावण मसान्तसम्मको तुलनामा चालु आ.व.को श्रावण मसान्तसम्ममा जारी बीमालेख संख्या ४.४६ प्रतिशत वृद्धि भएको छ।

९. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८२ श्रावण मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८३ श्रावण मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३०,७८८	१२.६३	२८,९७०	११.३८	(५.९०)
मधेश	२५,२०१	१०.३४	२६,५१९	१०.४२	५.२३
बागमती	१,१४,४७६	४६.९७	१,२३,३८९	४८.४६	७.७९
गण्डकी	२१,०२०	८.६२	२०,८९६	८.२१	(०.५९)
लुम्बिनी	३७,६६६	१५.४५	३९,०९९	१५.३६	३.८०
कर्णाली	३,८८०	१.५९	४,१३४	१.६२	६.५५
सुदुरपश्चिम	१०,७१०	४.३९	११,६००	४.५६	८.३१
जम्मा	२,४३,७४१	१००.००	२,५४,६०७	१००.००	४.४६

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४८.४६ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.६२ प्रतिशत रहेको छ।

१०. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

जीवन बीमालेख	२०८२ श्रावण मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ श्रावण मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	७६,८०१.२३	३८.३६	१,३१,९३४.१४	४९.५६	७१.७९
अग्रिम भुक्तानी सावधिक	४५,९१०.०५	२२.९३	४८,४४९.६१	१८.२०	५.५३
रुपान्तरित सावधिक	२५,५९२.५१	१२.७८	२७,९४८.३५	१०.५०	९.२१
बालबच्चा सम्बन्धि सावधिक	३२,९८५.९१	१६.४८	३५,५०६.६४	१३.३४	७.६४
बैदेशिक रोजगार म्यादि	२,८९७.०५	१.४५	२,९४९.६९	१.११	१.८२
आजिबन	५,२७४.२६	२.६३	५,२३०.९७	१.९६	(०.८२)
एकल बीमाशुल्क	४,२५२.२७	२.१२	७,१५२.३९	२.६९	६८.२०
म्यादि	१,३१६.०३	०.६६	१,२८०.४२	०.४८	(२.७१)
लघु	२,०९९.३५	१.०५	२,५३४.२५	०.९५	२०.७२
अन्य	३,०७५.०९	१.५४	३,२३३.८३	१.२१	५.१६
जम्मा	२,००,२०३.७५	१००.००	२,६६,२२०.२९	१००.००	३२.९७

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४९.५६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.४८ प्रतिशत रहेको छ। गत आ.व. को श्रावण मसान्तसम्मको तुलनामा चालु आ.व.को श्रावण मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलन ३२.९७ प्रतिशतले वृद्धि भएको छ।

११. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८२ श्रावण मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ श्रावण मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	२७,७५६.४५	१३.८६	३०,८३७.०२	११.५८	११.१०
मधेश	१८,१०६.१२	९.०४	२१,२३२.८९	७.९८	१७.२७

बाग्मती	८३,९६८.२०	४१.९४	१,३१,१३७.०३	४९.२६	**५६.१७**
गण्डकी	२१,६१४.६४	१०.८०	२५,३८१.३१	९.५३	**१७.४३**
लुम्बिनी	३०,९६०.६७	१५.४६	३६,४२०.०५	१३.६८	**१७.६३**
कर्णाली	६,२५९.७९	३.१३	७,४५३.५९	२.८०	**१९.०७**
सुदुरपश्चिम	११,५३७.८७	५.७६	१३,७५८.३९	५.१७	**१९.२५**
जम्मा	२,००,२०३.७४	१००.००	२,६६,२२०.२९	१००.००	**३२.९७**

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४९.२६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा २.८० प्रतिशत रहेको छ।

१२.बीमालेख अनुसार निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

निर्जीवन बीमालेख	२०८२ श्रावण मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८३ श्रावण मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	१५,११७.७६	३४.३८	१६,५७५.२८	३०.६९	**९.६४**
सामुन्द्रिक	३,०४०.४७	६.९२	४,२९१.०१	७.९४	**४१.१३**
हवाई	१,०३१.३९	२.३५	१,३४४.७१	२.४९	**३०.३८**
मोटर	११,०२३.१६	२५.०७	१२,२२९.६३	२२.६४	**१०.९४**
इन्जि. तथा ठे. जो.	५,१०३.६७	११.६१	७,५८७.८४	१४.०५	**४८.६७**
विविध	३,६१२.७३	८.२२	५,९६९.००	११.०५	**६५.२२**
कृषि तथा बाली	१,६५८.६१	३.७७	१,९२२.७४	३.५६	**१५.९२**
लघु	७९६.०४	१.८१	७३२.८७	१.३६	**(७.९४)**
दायित्व	७८.४४	०.१८	१२९.५९	०.२४	**६५.२२**
स्वास्थ्य	२,५०५.०१	५.७०	३,२३२.५९	५.९८	**२९.०५**
जम्मा	४३,९६७.२८	१००.००	५४,०१५.२७	१००.००	**२२.८५**

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सम्पत्ति बीमालेखको ३०.६९ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा दायित्व बीमालेखको ०.२४ प्रतिशत रहेको छ। गत आ.व. को श्रावण मसान्तसम्मको तुलनामा चालु आ.व.को श्रावण मसान्तसम्ममा कुल बीमाशुल्क संकलन २२.८५ प्रतिशतले वृद्धि भएको छ।

१३. प्रदेश अनुसार कुल निर्जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८२ श्रावण मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८३ श्रावण मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३,५८६.८१	८.१६	४,१९६.९७	७.७७	१७.०१
मधेश	३,१८३.१७	७.२४	३,५३७.३५	६.५५	११.१३
बागमती	३०,०९९.३५	६८.४६	३८,०६६.२५	७०.४७	२६.४७
गण्डकी	२,२७८.८२	५.१८	२,५५४.५२	४.७३	१२.१०
लुम्बिनी	३,७४५.३०	८.५२	४,२७१.७९	७.९१	१४.०६
कर्णाली	३३३.८३	०.७६	३९८.२८	०.७४	१९.३१
सुदुरपश्चिम	७४०.०३	१.६८	९९०.११	१.८३	३३.७९
जम्मा	४३,९६७.३१	१००.००	५४,०१५.२७	१००.००	२२.८५

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ७०.४७ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.७४ प्रतिशत रहेको छ।

१४. उजुरी दर्ता तथा फछ्यौंट

विवरण		आर्थिक वर्ष	
		२०८२/८३	२०८३/८४
गत वर्षको निवेदन बाँकी संख्या		३९४	३१९
यस वर्षको निवेदन संख्या	केन्द्रीय कार्यालयमा	१४९	१२
	प्रदेश कार्यालयमा	५७	२
	कुल दर्ता	२०६	१४
पुनरावेदनबाट आएका मुद्दाको संख्या		-	-
जम्मा निवेदन		**६००**	**३३३**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	२०४	१५
	सहमति	७७	६
	जम्मा फछ्यौंट	२८१	२१
बाँकी संख्या		**३१९**	**३१२**

चालु आ.व. २०८३/८४ को श्रावण मसान्तसम्ममा केन्द्रीय कार्यालयमा १२ र प्रदेश कार्यालयमा २ गरी प्राधिकरणमा कुल दर्ता भएका १४ वटा उजुरी, गत वर्षको बाँकी ३१९ वटा निवेदन गरी कुल ३३३ वटा उजुरी प्राप्त भएको छ। जसमध्ये १५ वटा उजुरी मुद्दा फैसलाबाट र ०६ वटा उजुरी सहमतीबाट गरी कुल २१ वटा उजुरी फछ्यौंट भएका छन् भने ३१२ वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ।

तयार:

अनुसन्धान महाशाखा
नेपाल बीमा प्राधिकरण